# संसदीय विधि निर्माण प्रक्रियाको तुलनात्मक अध्ययन



**होमनाथ पहाडी** [*]

**सारांश**

शक्ति पृथकीकरणको सिद्धान्त अंगीकार गर्ने जुनसुकै मुलुकमा पनि एक व्यवस्थापिकीय अङ्ग रहेको हुन्छ, । व्यवस्थापिका जनताबाट निर्वाचित भएर आएका जनप्रतिनिधिहरूको संस्था हो जसलाई संसद पनि भनिन्छ । यसको प्रमुख काम कानून निर्माण गर्ने रहेको हुन्छ । बेलायतमा सन् १२१५ को म्याग्नाकार्टामा संसदको स्वीकृति विना कर उठाउन र खर्च गर्न नपाइने कानूनलाई नै विश्वको पहिलो संसदको विधि निर्माण लिखित दस्तावेजको रूपमा लिइन्छ । संसदमा विधेयक प्रवेश भएदेखि पारितसम्मको संसदीय कार्य संसदीय विधि निर्माण प्रक्रियाको रूपमा लिइएको पाइन्छ । कुनै पनि देशको शासन व्यवस्थालाई व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि जिम्मेवार निकाय तथा सर्वसाधारणको समेत काम, कर्तव्य र अधिकारका साथै कार्यप्रक्रिया निर्धारण गर्न कानूनको तर्जुमा गरिन्छ । राज्य सञ्चालनका लागि महत्वपूर्ण तत्वका रूपमा रहेको कानूनको निर्माण गर्ने आधिकारिक निकाय व्यवस्थापिकालाई मानिन्छ । विश्वमा संसदीय विधि निर्माण प्रक्रिया के कस्तो अवस्थामा रहेको छ भन्ने कुराको लेखाजोखा गरी तुलनात्मक अध्ययन गर्दा लोकतान्त्रिक, स्वेच्छाचारी, साम्यवादी र विकासोन्मुख व्यवस्था भएका मुलुकहरूबीच एकरूपता देखिंदैन तर संसदीय विधि र प्रक्रियाबाट प्रत्यक्ष अप्रत्यक्ष रूपमा कानूनको निर्माण भएको पाइन्छ ।

## पृष्ठभूमि

विधायनको अर्थ legislation शब्दको उत्पति ल्याटिन भाषाको legis र laterm शब्दबाट भएको हो । ल्याटिन भाषामा legis शब्दको अर्थ कानून र laterm शब्दको अर्थ निर्माण गर्नु वा बनाउनु भन्ने बुझिन्छ । Legislation शब्दको अर्थ कानून बनाउनु वा निर्माण गर्नु हो । नेपाली शाब्दिक अर्थमा विधायन भनेको कानून तर्जुमा गर्नु अर्थात् कानून बनाउनु भन्ने हुन्छ । साथै विधि भनेको कानून वा नियम भन्ने बुझिन्छ र निर्माण भन्नाले बनाउनु भन्ने बुझिन्छ । समग्रमा विधि निर्माण

[*] शाखा अधिकृत, संघीय संसद सचिवालय

भन्नाले कानून बनाउने कुराको अर्थ लाग्छ । विधि निर्माण प्रक्रिया भन्नाले संसद सचिवालयमा विधेयक पेश भएदेखि सदनमा छलफल गर्ने र प्रमाणित गर्ने सम्म जे-जति क्रियाकलाप हुन्छ त्यो नै विधि निर्माण प्रक्रिया हो भन्ने बुझिन्छ । कार्यपालिकाबाट आवश्यक कानून निर्माण गर्न सबै प्रक्रिया पूरा गरी संसदीय विधि निर्माण प्रक्रियामा पठाउन कानून मन्त्रालयले मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालय मार्फत संसदको विधेयक शाखामा दर्ता गरिन्छ र उक्त कानून मस्यौदाले विधेयकको रूप धारण गर्दछ । विधायन शब्दले कानून निर्माणका हरेक प्रक्रिया र पद्धतिलाई समेट्दछ । विधायन कानूनको स्रोत हो । संसदमा विधेयक प्रवेश भएदेखि विभिन्न चरण र प्रक्रियामा छलफल र विशेषज्ञको राय सहित कानून बमोजिम पारितसम्मको प्रक्रिया नै संसदीय विधि निर्माण प्रक्रिया हो ।

डायसको परिभाषा अनुसार अख्तियारयुक्त निकायले आवश्यक विचार, विमर्श र व्यापक छलफल गरी निर्धारित पद्धति अनुरूप बनाएको कानूनलाई विधायन भनिन्छ । साल्मण्डको परिभाषा अनुसार विधायन कानूनको त्यस्तो स्रोत हो, जसद्वारा सक्षम प्राधिकार Competent Authority वैधानिक नियमहरूको घोषणा गर्दछ । यो सिद्धान्तको त्यस्तो घोषणा हो जसद्वारा नियमहरूले कानूनी शक्ति प्राप्त गर्दछन् र राज्यका अदालतहरूले भविश्यमा आफूले गर्ने निर्णयलाई कानूनको रूपमा मान्यता दिने वैधानिक आधारको निर्माण गर्दछ । विधायन दुई किसिमबाट अध्ययन गर्न सकिन्छ, जसमा

१. सर्वोच्च विधायन अर्थात् संसदीय विधि निर्माण प्रक्रियाबाट पारित हुने कानून, र
२. अधिनस्थ विधायन अर्थात् कार्यपालिकाबाट संविधान र ऐन को अधिनमा रहेर बनाउने कानून ।

सैद्धान्तिक रूपमा कानून निर्माण कार्यमा व्यवस्थापिकाको महत्वपूर्ण भूमिका हुने भए तापनि कानून निर्माणको पृष्ठभूमिमा कार्यपालिकाको महत्वपूर्ण भूमिका रहेको कुरालाई नकार्न सकिंदैन । कानून विशेषगरी राज्यले लिएको नीतिलाई व्यवहारमा उतार्नका लागि निर्माण गरिन्छ । स्पष्ट नीति विनाको कानून निर्माण अधुरो हुन्छ । कार्यकारिणीलाई कुनै कानूनको आवश्यकता महसुस भएमा सर्वप्रथम सो विषयमा नीति बनाई सरकारबाट स्वीकृत भएपछि मात्र कानून निर्माणको प्रक्रिया सुरू गर्नुपर्ने मान्यता रहेको हुन्छ । तसर्थ राज्यको नीति नै कानूनको उद्गम स्रोत हो। हरेक कानून कुनै न कुनै कारण र आधारको पृष्ठभूमिमा बनेको हुन्छ । यसैले कानूनलाई नीतिको दर्पणका रूपमा पनि लिइन्छ । कानून अन्तर्गत रहेको ऐन निर्माणको कार्य व्यवस्थापिकाबाट मात्र हुने भए तापनि सो अन्तर्गत बन्ने नियम विनियमहरू प्रत्यायोजित विधायन अन्तर्गत अन्य निकायबाट समेत निर्माण भइरहेको हुन्छ ।

संसदको संसदीय विधि निर्माण प्रक्रियाबाट कानून बनाउने कार्यमा अत्यन्त लामो प्रक्रिया पूरा गर्नुपर्ने, लामो समय लाग्ने, खर्चिलो तथा भद्दा हुने भए तापनि राज्यको अपरिहार्य आवश्यकता भएकोले कानून निर्माण अनिवार्य हुन्छ । राज्यमा कानूनको शासन कायम गर्न, व्यक्ति तथा नागरिकको अधिकारको संरक्षण गर्न, विधायिकाको इच्छालाई लिखित रूपमा रूपान्तरण गर्न, कुनै विषयमा निर्णय वा कारवाही गर्नुपर्दा अपनाउने कार्यविधि तय गर्न, राज्यले अन्तर्राष्ट्रिय दायित्व निर्वाह गर्ने क्रममा

कानूनको निर्माण गरेको हुन्छ । बेलायतमा सन् १२१५ को म्याग्नाकार्टामा जुन विल पास भयो, विश्व इतिहासमा विश्वका सबै देशले त्यसलाई स्वीकार गरी संसदको संसदीय विधि निर्माण प्रक्रियाबाट नै कानूनको निर्माण हुनुपर्छ भन्ने मान्यता विश्वव्यापी रूपमा स्थापित भएको पाइन्छ । विश्व समुदाय कानूनको शासनको कसीमा गोलबन्द भइरहेको यो आधुनिक विश्वमा शान्ति सुव्यवस्था कायम राखी विश्व समुदायमा अमनचयनका लागि राज्यभित्रका निर्वाचित जनप्रतिनिधिमूलक संस्था संसदले जनभावना अनुकूल संसदको संसदीय विधि निर्माण प्रक्रियाबाट नै कानूनको निर्माण हुनुपर्छ भन्ने विश्वव्यापी मूल्यमान्यता रही आएको पाइन्छ । यसैलाई आधार मानेर विश्वका सबै राज्यहरूले जुनसुकै व्यवस्था अंगीकार गरेको भए तापनि संसदको संसदीय विधि र प्रक्रिया अवलम्बन गरी कानूनको निर्माण गरेको हुन्छ ।

**विभिन्न देशका संसदको विधि निर्माण प्रक्रिया**

कार्यपालिकाले कानून निर्माणको क्रममा मन्त्रिपरिषद्को स्वीकृतिपश्चात् कानून मन्त्रालय मार्फत विधायिकी प्रक्रियाको लागि संसद सचिवालयमा पेश गरिन्छ । यसरी संसदमा पेश भएको कानूनको मस्यौदाले विधेयकको रूप धारण गर्दछ र संसदीय विधि निर्माणको प्रक्रिया शुरू हुन्छ । विश्वमा सबै देशमा एकरूपता नभएता पनि संसदीय विधि निर्माण प्रक्रिया थेरथोर वा प्रत्यक्ष÷अप्रत्यक्ष भने अपनाएको पाइन्छ । केही देशका संसदबाट हुने विधि निर्माणका प्रक्रियाहरू निम्न अनुसार उल्लेख गरिएको छः

**१. बेलायती विधि निर्माण प्रक्रियाः बेलायतमा कानून बनाउनु विधायिकाको मुख्य काम हो । राजसंस्था, भारदारी सभा र प्रतिनिधि सभा मिली कानून निर्माण गर्दछन् । कानून निर्माण गर्दा प्रतिनिधि सभा नै कानूनको स्रोत र निर्माण गर्ने महत्वपूर्ण अङ्गका रूपमा रहेको छ, राजा र भारदारी सभा औपचारिक अङ्ग मात्र हुन् । बेलायतको संसद भन्नु नै व्यावहारिक अर्थमा प्रतिनिधि सभा भएको पाइन्छ । बेलायतमा प्रत्येक कानून विधेयकका रूपमा पेश गरिन्छ र राजाको लालमोहर लाग्नु अघि प्रत्येक पेश गरिन्छ । लालमोहर लागेपछि कानून बन्दछ ।** बेलायतमा विधेयकलाई दुई भागमा विभाजन गरिएको छ, जसमा सार्वजनिक विधेयक र निजी विधेयक छन् ।

निजी विधेयक संसद सदस्यले प्रस्तुत गर्दछ भने सार्वजनिक विधेयक सरकारको तर्फबाट मन्त्रीले पेश गर्दछ । सार्वजनिक विधेयक तीन वाचन तथा पाँच चरण प्रतिनिधि सभाबाट पूरा गरेपछि ऐन बन्दछ । सार्वजनिक विधेयकहरू भारदारी तथा प्रतिनिधि सभामा पेश हुन्छन् । सार्वजनिक विधेयक बाहेक अन्य विधेयक सामान्यतः प्रतिनिधि सभामा पेश हुने गरेको देखिन्छ । सार्वजनिक विधेयक प्रतिनिधि सभामा पेश हुनु अगाडि मन्त्रिपरिषद्मा पेश भई सम्बन्धित मन्त्रीले सभामा पेश गर्दछ।

संसद समक्ष विधेयक मस्यौदाको रूपमा पेश गरिन्छ । निजी विधेयक ल्याउने व्यक्तिले नै मस्यौदा गर्छ । सरकारी विधेयक संसदीय परिषद्मा मस्यौदा गरिन्छ । सदनमा विधेयक पेश हुनुलाई

प्रथम चरणका रूपमा लिइन्छ । निजी विधेयक विशेष कार्यक्षेत्र र संस्थाहरूका लागि हुने भएकोले संसदका सदस्यभन्दा बाहिरका स्थानीय अधिकारीले निजी विधेयकलाई निवेदनका रूपमा पेश गर्नलाई जाँचकी समक्ष साक्षात्कार हुनुपर्दछ । यसपछि आवश्यक जाँचबुझ गरी यसलाई सदनमा प्रस्तुत गरिन्छ ।

विधेयक सदनमा पूर्व जानकारी दिएर मात्र पेश गरिन्छ । निर्धारित दिनमा विधेयक प्रस्तुतकर्तालाई सभामुखले टेबुल गर्न आदेश दिन्छन् । त्यसपछि त्यहाँका कर्मचारीहरूद्वारा ठूलो स्वरमा त्यसलाई पढ्ने गरिन्छ । यस अवस्थामा सामान्यतयाः वाद प्रतिवाद हुँदैन । यसरी पेश गरिएको विधेयकको पहिलो वाचनपछि छाप्ने र प्रकाशन गर्ने काम हुन्छ । त्यसपछि छलफलको लागि मिति तोकिन्छ ।

सदनमा निर्धारित शर्त पूरा भएको विधेयकका प्रस्तावलाई दोस्रो वाचनको निमित्त अनुरोध गरिन्छ । यो नै बेलायतको कानून प्रक्रियाको महत्त्वपूर्ण चरण हो । यसमा विपक्षबाट विवाद शुरू गरी छलफल प्रारम्भ गरिन्छ । जब छलफल टुङ्गिन्छ, त्यस अवस्थामा मत लिइन्छ । यो दोस्रो वाचनमा पारित गर्ने काम हुन्छ । यसमा यदि विपक्षमा मत बढी भएमा यो विधेयक रद्द हुन्छ र यसलाई मन्त्रिपरिषद्को अविश्वासको रूपमा लिइन्छ। त्यस अवस्थामा मन्त्रिपरिषद्ले राजिनामा दिनु पर्दछ । दोस्रो वाचनपछि समितिमा विधेयकले प्रवेश पाउँछ । समितिमा सदस्यहरूले विधेयकको दफावार छलफल गर्छन् । यसमा विधेयकको खास आकारको लागि निर्णय गरिन्छ र आवश्यक भएमा समितिबाट सुधारका लागि प्रस्ताव पेश हुन सक्तछ । छलफलपछि समितिको मस्यौदा प्रतिवेदन सदनमा पेश गरिन्छ ।

यसपछि समितिको चरण प्रवेश गर्दछ । यस चरणमा सभामुखको अध्यक्षतामा बसेको बैठकमा सामूहिक प्रतिवेदन सहित विधेयक प्रस्तुत गरिन्छ । प्रतिवेदन उपर छलफलका साथै आवश्यकतानुसार विधेयकका सिद्धान्तमा छलफल र विचार/विमर्श गरिन्छ । यस प्रतिवेदन अवस्थामा विधेयकको सिद्धान्तमाथि पुनर्विचार गर्ने र यसलाई परिवर्तन गर्ने सदनलाई मौका मिल्छ । नयाँ संशोधन समेत पेश गर्न सकिन्छ । यो प्रतिवेदन चरण निकै समय लाग्ने समय भएकोले सरकारले जरूरी विधेयकमाथिको मतदान गरी विवाद समाधान गर्ने प्रस्ताव ल्याउन सक्छ । यस्तो अवस्थामा नियम विपरीत हुन जाँदैन भन्ने सभामुखलाई लागेमा यस्ता प्रस्तावमाथिको छलफल समाप्त हुन्छ । यसलाई Simple Close भनिन्छ ।

प्रतिवेदनको छलफलमाथि तेस्रो वाचन शुरू हुन्छ । यसमा विधेयक उपरका संशोधन थप सहितका सम्बन्धमा समितिमा छलफल हुन्छ । तर यस अवस्थामा शाब्दिक त्रुटि बाहेक संशोधन दिन पाइँदैन । त्यसपछि अन्तिम मतका लागि प्रस्तुत गरिन्छ । सामान्यतः यस मतदानमा विधेयक रद्द भएको देखिंदैन ।

यो पारित विधेयक शुरूमा प्रस्तुत भएको भन्दा अर्को सदनमा पठाइन्छ । अर्को सदनमा अपनाउने प्रक्रिया पनि उस्तै हुन्छ । प्रतिनिधि सभाबाट पारित भयो भने शाही स्वीकृतिका लागि पठाइन्छ । अन्यथा दुई सदनबीच विवाद हटाउने प्रयास हुन्छ । दुई सदनमा एकता आउन सकेन भने अर्को एक वर्षपछि सूत्रबाट पुनः पारित गरी प्रतिनिधि सभाले शाही स्वीकृतिका लागि प्रेरित गर्दछ । यसलाई भारदारी सभाले केही गर्न सक्दैन । रानी समक्ष यसरी पठाइएका विधेयकहरू सहीछाप लगाउन मात्र हो । यसरी पठाइका विधेयकमाथि शाही स्वीकृति दिइनुपर्छ र यसरी ऐन बन्छ ।

यसका साथै बेलायतमा प्रभिजिनल अर्डर विधेयकको पनि व्यवस्था छ । संसदले आवश्यक परेमा केही आदेश जारी गर्ने अधिकार विभागलाई दिएको छ । सम्बन्धित विभागले प्रोभिजिनल अर्डर जारी गर्दछ । यस्ता आदेशहरूको पछि संसदबाट स्वीकृति लिइनुपर्छ । स्वीकृतिका लागि पेश गरिने यस विधेयकलाई प्रोभिजिनल अर्डर कन्फरमेशन बिल भनिन्छ । निजी विधेयकको पनि विधायिकी प्रक्रिया सार्वजनिक विधेयक सरह नै हो । भनिन्छ, बेलायतको संसदले पुरूषलाई स्त्री र स्त्रीलाई पुरुष बनाउने बाहेक अरू सबै कार्य गर्दछ ।

२. अमेरिकाको **विधि निर्माण प्रक्रियाः** कंग्रेसको कानून निर्माण सबैभन्दा महत्वपूर्ण कार्य हो । अमेरिकाको अन्य देशको जस्तो सरकारी विधेयक हुँदैन । त्यहाँ सम्पूर्ण सरकारी वा निजी विधेयक कंग्रेसको सदस्यद्वारा पेश गरिन्छ । कंग्रेसमा सरकारको कुनै सिट रहँदैन । राष्ट्रपति वा अन्य मन्त्रीहरूले सीधै विधेयक सदनमा पेश गर्न पाउँदैन । यदि राष्ट्रपति वा प्रशासनले विधेयक पेश गर्नुपरेको खण्डमा यो कंग्रेसको सदस्यद्वारा पेश गरिन्छ । यदि कंग्रेसको सदस्यले विधेयको मस्यौदा गर्न सहयोग चाहे भने यसका लागि विद्यायिका परिषद्ले सहयोग प्रदान गर्दछ । विधेयक प्रस्तुत गर्ने प्रक्रिया साधारण छ । विधेयक पेश गर्न चाहने सदस्यले आफ्नो नाम विधेयकमा लेखी कर्मचारीको टेबुलमा रहेको होपर बाकसमा छिराउँछन् । एकजना सदस्यले जतिपनि विधेयक प्रस्तुत गर्न सक्दछ ।

प्रतिवर्ष चौध हजारभन्दा बढी यस्ता विधेयकहरू प्रस्तुत हुन्छन् । यसरी पेश गरिएका विधेयक छनौट गरिन्छ र नम्बर लगाइन्छ । त्यसलाई प्रकाशन पनि गरिन्छ । यसरी प्रवेश भएको विधेयक सम्बन्धित समितिमा पठाइन्छ । तर यी विधेयकलाई कुन समितिमा पठाउने हो भनी स्पष्ट गर्न नसकेमा दुवै समितिमा विधेयक पठाइन्छ । समितिमा विधेयक पठाएपछि समितिद्वारा प्रारम्भिक रूपमा सो विधेयक औचित्यका आधारमा छानविन गरिन्छ ।

यदि विधेयक उचित देखियो भने समितिको फाइलमा राखी विधेयकबारे आवश्यक सूचनाहरू संग्रह गरिन्छ । सरकारी विधेयकमा सरकारी पक्षसँग सुनुवाइ हुन्छ । यस्ता विधेयकहरूमाथि तत्काल कारवाही गर्नुपर्ने भए यसको छानविन र सोधपुछको समय छोटो गरिन्छ र समिति सभापतिहरूले विधेयकमा विषयगत रूपमा सदनमा पेश गर्ने प्रचलन रहेको छ । यसलाई प्रथम वाचन पनि भनिन्छ ।

मुख्य गरी यसमा विधेयक पेश गर्ने र वर्गिकरण गर्ने प्रक्रियामा तीन क्यालेन्डरमा राखी विधेयक प्रस्तुत गरिन्छन् ।

१. यूनियन क्यालेण्डर - राजस्व, पेश्की खर्च वा सम्पती सम्बन्धी विधेयक,

२. हाउस क्यालेण्डर - वित्तीय बाहेक अन्य प्रकृतीका सरकारी विधेयकहरू, र

३. प्राइभेट क्यालेण्डर - निजी विधेयकहरू ।

विवाद रहित विधेयकहरूलाई सम्बन्धित क्यालेन्डरमा र अरूलाई डिस्चार्ज क्यालेण्डरमा राखिन्छ । त्यसपछि क्रमबद्ध रूपमा सदनले कारवाही शुरू गर्दछ । त्यस कार्यसूचीमै कैयौं विधेयक प्रत्येक सत्रमा समाप्त हुन्छन् । अन्तमा, सम्पूर्ण समितिबाट आएको विधेयकलाई पूर्ण सदनले स्वीकार वा अस्वीकार गर्न सक्दछ । यसलाई तेस्रो संशोधन सहितको वाचन भनिन्छ र यसलाइ औपचारिक वाचन भनिन्छ । यसपछि मतदान गरी पारित भएपछि सिनेटमा पठाइन्छ । कंग्रेसबाट पारित भएको विधेयक सिनेटमा पेश हुँदा पनि उही प्रक्रिया दोहोर्‍याइन्छ । तर सिनेटमा पेश हुँदा कंग्रेसको जस्तो क्यालेण्डर नभई एउटा मात्र क्यालेन्डर रहन्छ । साथै सिनेटमा कंग्रेसको जस्तो सम्पूर्ण समितिमा राखिंदैन । सबै विधेयक सदनमै छलफल हुन्छ र छलफलमा भाग लिंदा समयको कुनै बन्दैज रहँदैन ।

दुवै सदनले विधेयकहरू एकै रूपमा पारित गरेपछि यो अमेरिकाका राष्ट्रपतिको स्वीकृतीका लागि पठाइन्छ । राष्ट्रपतिले सदनद्वारा पारित विधेयकलाई स्वीकृती दिएमा सो कानून बन्दछ । यदि राष्ट्रपतिले आइतबार बाहेक दश दिन सदन चलिरहेको समयमा दस्तखत गरेनन् भने यो विधेयक पुनर्विचारका लागि फिर्ता पठाइन्छ । यो विधेयकलाई दुवै सदनको दुई तिहाइ बहुमतले पुनः पारित गरेमा यो कानून बन्दछ । तर दश दिनभित्र अधिवेशनको सत्र टुङ्गियो र राष्ट्रपतिले यसमा कुनै कारवाही गरेन भने यो विधेयक स्वतः निष्क्रिय भएर जान्छ । राष्ट्रपतिको यो अधिकारलाई खल्तीको विशेषाधिकार (Pocket Veto) मानिन्छ । राष्ट्रपतिले दस्तखत गरेपछि ऐन U.S. Code बन्दछ ।

**३. फ्रान्सको विधि निर्माण प्रक्रियाः** फ्रान्सको संसदलाई त्यस देशको संविधानको धारा ३४, ३५, ३६ र ४७ ले कानून बनाउने अधिकार प्रदान गरेको छ । फ्रान्सको विधि निर्माण प्रक्रियालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छः

१) नागरिक अधिकार, सार्वजनिक नियम निर्माण र स्वतन्त्रताहरू, कर सम्बन्धी विषयहरू, उत्तराधिकार, अपराध र प्रक्रियासँग सम्बन्धित कानून, नागरिक सेवाहरू, फौजी कानून र उद्योग सम्बन्धी कानूनहरू सदनले बनाउँछ ।

२) राष्ट्रिय प्रतिरक्षाका संगठनहरू, शिक्षा, सम्पतिको अधिकार र व्यवस्थापन, श्रमिक, संगठन र सुरक्षा, स्थानीय निकायको स्वतन्त्र प्रशासन र त्यसको कामको विषय आदिमा सदनले निर्णय गर्दछ र त्यसको निर्णय गर्ने अधिकार कार्यपालिकालाई दिइएको छ ।

३) धारा ५३ अनुसार शान्ति तथा वाणिज्य सम्बन्धी कानून संशोधन गर्नुपर्ने र प्रदेश छोड्ने र जोड्ने सन्धिहरूलाई सदनले अनुमोदन गर्ने अधिकार छ ।

फ्रान्सको संसदको विधेयक पारित गर्ने प्रक्रियाहरू विभिन्न चरणमा सम्पन्न गर्ने गरिन्छ । चालू सदनमा सरकारी विधेयक मन्त्रिपरिषद्द्वारा स्वीकृत भएपछि प्रधानमन्त्री वा मन्त्रिपरिषद्का सदस्यले संसदमा पेश गर्दछन् । आर्थिक विधेयक अर्थ मन्त्रीले अरू देशमा जस्तै गरी राष्ट्रिय सभाको सदनमा पेश गर्दछ । आर्थिक सम्बन्ध नभएका अन्य विधेयक निजी सदस्यले पनि पेश गर्न पाउँछ । विधेयकमाथि कुनै किसिमको विवाद उठेमा संवैधानिक परिषद्मा पठाइन्छ र परिषद्को निर्णय अन्तिम हुन्छ ।

सदनमा पेश भएका विधेयकहरू ६ वटा कमिसन समिति वा तदर्थमा पठाइन्छ र त्यहाँबाट प्रतिवेदन सहित विधेयक फिर्ता आएपछि विधेयकमाथि सामान्य छलफल गरिन्छ । त्यसपछि दफावार छलफल र पछि सबै विधेयक माथि छलफल गरी पारित गरेर अर्को सदनमा पठाइन्छ । त्यहाँ पनि प्रक्रिया अपनाई पारित गरेपछि राष्ट्रपति कहाँ अनुमोदनका लागि पठाइन्छ । राष्ट्रपतिबाट अनुमोदन भएपछि कानून बन्दछ । तर दुवै सदनमा विधेयकमाथि मतभेद भएमा प्रधानमन्त्रीलाई दुवै सदनको समान सदस्य भएको छनोट समिति नियुक्ति गर्ने अधिकार छ । यस समितिको निर्णयलाई दुवै सदनले अस्वीकार गरेमा राष्ट्रिय सभाले अन्तिम निर्णय गर्न सक्ने व्यवस्था छ । त्यसैले राष्ट्रिय सभामा सिनेटको भन्दा बढी विधायिकी अधिकार प्राप्त छ । आर्थिक विधेयक अक्टोबरको पहिलो मंगलवार बजेट समितिमा पठाइन्छ र १५ दिनको छलफलपछि सदनमा छलफल भई अन्य विधेयक सरह पारित हुन्छ ।

४. **स्वीट्जरल्याण्डको विधि निर्माण प्रक्रियाः** यहाँको विधि निर्माण प्रक्रियामा साधारण विधेयक दुवै सदनमा प्रस्तुत गर्न सकिन्छ । दुवै सदनमा विधि सम्बन्धी अधिकार समान छ । तर महत्पूर्ण विधेयक राष्ट्रिय परिषद्मै संघीय परिषद्ले प्रस्तुत गर्ने गरेको पाइन्छ । बजेट तल्लो सदनमा नै प्रस्तुत गर्ने परम्परा रहेको छ । विधेयक प्रस्तुत भएपछि सदनमा यसको सिद्धान्त माथि छलफल गरिन्छ र समितिमा पठाइन्छ । समितिले छलफल गरी प्रतिवेदन सदनमा पेश गर्दछ र सदनले उक्त प्रतिवेदन माथि छलफल गरी पारित गर्दछ । एउटा सदनबाट पारित भएको विधेयक अर्को सदनमा पठाइन्छ । दुवै सदनबाट विधेयक पारित भएपछि महत्वपूर्ण विधेयकहरू आवश्यक परे जनमतका लागि पठाइन्छ । जनता क्यान्टोनले यस्ता विधेयकलाई एक महिनाभित्रमा जनतामा पठाउन माग गर्न सक्छन् । जनतामा लान माग नगरिए यस्ता विधेयक कानून बन्दछन् ।

काउन्सिलरले सदनमा पेश गर्ने विधेयक तयार पार्दछ । सदनले काउन्सिलसँग उक्त विधेयकको लागि अनुरोध गर्न पनि सक्छ । काउन्सिलरका सदस्यबाट पेश भएको सो विधेयकको सम्पूर्ण मार्गदर्शन र छलफल गर्दछ र परीक्षणको लागि समितिमा पठाउँछन् । समितिमा परीक्षणको लागि प्रस्तुत भएको विधेयकको स्पष्टीकरण गर्ने, व्याख्या गर्ने कार्य गर्दछ । त्यसैले विधेयकमाथि काउन्सिलरको स्पष्ट प्रभाव रहन्छ। विधायिकी प्रक्रियामा भाग लिने, जवाफ दिने गरिए तापनि

काउन्सिलरले मतदान भने गर्न पाउँदैन । कुनै पनि विधेयक सम्बन्धित काउन्सिलरकहाँ विचारार्थ नपुगी सदनमा जाँदैन ।

५. जापानको **विधि निर्माण प्रक्रियाः** जापानमा दुई सदनात्मक व्यवस्था छ ।अर्थ विधेयक अर्थ मन्त्रिले प्रतिनिधि सभामा पेश गर्दछ । निजी विधेयक संसद सदस्यले सदनमा पेश गर्दछ । सरकारी विधेयक सम्बन्धित मन्त्रीले पेश गर्दछ । विधेयक सदनमा पेश भएपछि विधेयकको प्रति संसद सदस्यलाई वितरण गरिन्छ । सदनमा सामान्य छलफल गराई सम्बन्धित समितिमा दफावार छलफलको लागि पठाइन्छ । समितिले छलफलपछि प्रतिवेदन सहित सदनमा पेश गर्दछ । त्यसपछि सदनमा आवश्यक छलफल गरी केही संशोधन गर्नुपर्ने भए गरी प्रत्येक दफामा मतदान गरिन्छ । प्रत्येक दफामा मतदान गरिसकेपछि सदनले पूर्ण विधेयकमाथि मतदान गरी विधेयक पास गरिन्छ र अर्को सदनमा पठाइन्छ । अर्को सदनमा त्यही प्रक्रिया अपनाई विधेयक पास गरी स्वीकृतिको लागि सम्राट समक्ष पठाइन्छ ।

६. **उत्तर कोरियाको विधि निर्माण प्रक्रियाः** उत्तर कोरियाको संविधानको धारा ९५ बमोजिम सर्वोच्च जनसभामा स्वीकार गर्ने विधेयकहरू सर्वोच्च जनसभा अध्यक्ष मण्डल, मन्त्रिपरिषद् र सर्वोच्च जनसभाका समितिहरूले प्रस्तुत गर्दछन् । प्रतिनिधिहरूले पनि विषयहरू प्रस्तुत गर्न सक्नेछन् । सर्वोच्च जनसभाले ऐन, अध्यादेश र निर्णयहरू जारी गर्छ । सदनमा प्रस्तुत विधेयकमाथि छलफल गरी वा समितिको प्रतिवेदन उपर छलफल गरी उपस्थित सदस्यहरू मध्ये आधाभन्दा बढीले हात उठाएर समर्थन जनाएपछि सर्वोच्च जनसभाको ऐन, अध्यादेश र निर्णयहरू पारित हुन्छन् । सर्वोच्च जनसभामा कूल प्रतिनिधिहरूको दुई तिहाइभन्दा बढीको सहमतिबाट संविधान संशोधन गरिन्छ । विधेयक पारित गर्ने तथा संविधानको संशोधन गर्ने प्रक्रियाको व्यवस्था धारा ९७ मा रहेको छ ।

७. **नेपालको विधि निर्माण प्रक्रियाः** नेपालको संविधानको धारा ८३ बमोजिम नेपालमा व्यवस्थापिकीय अङ्गको रूपमा संघीय संसद रहेको छ । नेपालको संघीय संसद प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक रहेको छ । संघीय संसदको मूल कार्य संघीय कानून निर्माण गर्ने हो । नेपालको संविधानको धारा १०९ मा संघीय संसदको व्यवस्थापिकीय अधिकार, धारा १९७ मा प्रदेश सभाको व्यवस्थापिकीय अधिकार र धारा २२१ मा स्थानीय तहको व्यवस्थापिकीय अधिकारको व्यवस्था गरिएको सन्दर्भमा तीनवटै तहले कानूनको निर्माण गर्ने अधिकार राख्दछन् । नेपालको संविधानको धारा ११० मा अर्थ विधेयक, नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायत सुरक्षा निकायसँग सम्बन्धित विधेयक सरकारी विधेयकको रूपमा मात्र प्रस्तुत हुन सक्ने व्यवस्था छ । संसदमा पेश भएका विधेयक उपर छलफल गरी पारित गर्ने सम्बन्धमा संघीय संसदका नियमावलीहरूमा उल्लिखित व्यवस्थापन कार्यविधि देहाय बमोजिम संक्षेपमा उल्लेख गरिएको छः

विधेयक प्रस्तुत गर्ने अनुमति प्राप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकलाई तत्काल सदनमा प्रस्तुत गर्ने व्यवस्था रहेको छ । विधेयक प्रस्तुत भइसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले

देहायको कुनै एउटा प्रस्ताव प्रस्तुत गर्न सक्छ; क) विधेयकमाथि विचार गरियोस् वा ख) विधेयकलाई जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस् ।

विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावमाथि छलफल हुँदा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल गर्ने गरिन्छ भने जनताको प्रतिक्रिया प्राप्त गर्नको निमित्त प्रचार गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएमा राय सङ्कलन गरिने अवधि निर्धारित गरी सो विधेयकलाई नेपाल राजपत्रमा प्रकाशित गर्नुका साथै अन्य उपयुक्त माध्यमद्वारा प्रचारप्रसार गरी रायहरू सङ्कलन गर्ने गरिन्छ । विधेयकमा राय सुझावहरू प्राप्त भएपछि जनताको प्रतिक्रिया सहितको त्यस्तो विधेयकमाथि सदनमा विचार गरियोस् भन्ने प्रस्ताव विधेयक प्रस्तुतकर्ता सदस्यले प्रस्तुत गर्न सक्ने व्यवस्था छ ।

विधेयकमाथिको सामान्य छलफल समाप्त भएपछि विधेयकमा संशोधन पेश गर्न चाहने सदस्यले विधेयकमाथिको सामान्य छलफल समाप्त भएको बहत्तर घण्टाभित्र पेश गर्न चाहेको संशोधन सहितको सूचना संघीय संसदको महासचिव वा सचिवलाई दिनुपर्ने र त्यस्तो संशोधनको सूचना संशोधन सम्बन्धी शर्तको अधीनमा रही प्रस्तुत गर्न सकिने व्यवस्था छ । त्यस्तो संशोधनको सूचना सभाध्यक्षबाट स्वीकृत भएपछि संशोधनको सूचीमा राख्ने गरिन्छ ।

विधेयकको संशोधन प्रस्ताव प्राप्त भएपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयकमाथिको दफावार छलफल सदनमा गरियोस् भन्ने वा दफावार छलफलको लागि विधेयकलाई सम्बन्धित समितिमा पठाइयोस् भन्ने मध्ये कुनै एक प्रस्ताव पेश गर्न सक्छ । सदनमा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पारित भएकोमा सदनमा नै दफावार छलफल गरिन्छ भने समितिमा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव पारित भएकोमा सो विधेयकको दफावार छलफलको लागि समितिमा पठाइन्छ । त्यस्तो विधेयकमा समितिले आफैं वा उपसमितिको गठन गरी दफावार छलफल गर्दछ । उपसमिति गठन भएकोमा उपसमितिले दफावार छलफल गरी समितिमा प्रतिवेदन पेश गर्दछ र उपसमितिको प्रतिवेदन सहित समितिमा छलफल गरी समितिले प्रतिवेदन सहितको विधेयक सदनमा पेश गर्दछ ।

सदनमा विधेयकमा दफावार छलफल समाप्त भएकोमा सो समाप्त भएपछि र सम्बन्धित समितिमा दफावार छलफल भएकोमा समितिको प्रतिवेदन माथिको छलफल समाप्त भई संशोधनहरूलाई संसदको निर्णयार्थ क्रमशः पेश गरिसकेपछि विधेयक प्रस्तुतकर्ता सदस्यले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न सक्छ । त्यस्तो विधेयक संसदबाट पारित भएपछि सभाध्यक्षले प्रमाणित गरी प्रमाणीकरणको लागि राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था छ । संसदबाट पारित विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि कानून मन्त्रालयले ऐनको रूपमा नेपाल राजपत्रमा प्रकाशन गर्दछ ।

नेपालमा जारी भएका सबै संविधानले अध्यादेश जारी गर्ने प्रावधानलाई मान्यता दिएको पाइन्छ । नेपालको संविधानको धारा ११४ ले सङ्घीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा

राष्ट्रपतिबाट अध्यादेश जारी हुन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी धारा २०२ ले प्रदेशसभाको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले अध्यादेश जारी गर्न सक्ने व्यवस्था गरेको छ । अध्यादेशको मस्यौदा तर्जुमा गर्दा सामान्यतयाः विधेयक सरहकै प्रक्रिया अवलम्बन गरिन्छ । अध्यादेश जारी गर्न कानून मन्त्रालयले सहमति दिएको मस्यौदालाई नेपाल सरकार, मन्त्रिपरिषद्ले अध्यादेशको रूपमा जारी गर्न राष्ट्रपति समक्ष गरेको सिफारिसमा राष्ट्रपति सन्तुष्ट भएमा अध्यादेश जारी हुने अभ्यास छ । त्यस्तो अध्यादेश जारी भएपछि बसेको संघीय संसदको दुवै सदनमा पेश गरिने व्यवस्था छ । अध्यादेश संघीय संसदका दुवै सदनले स्वीकार नगरेमा, राष्ट्रपतिबाट खारेज भएमा वा दुवै सदनको बैठक बसेको साठी दिनपछि त्यस्तो अध्यादेश स्वतः निष्क्रिय हुने संवैधानिक व्यवस्था छ । यसरी जारी भएको अध्यादेश लागू रहेको अवधिमा ऐन सरह हुने र अध्यादेश स्वीकृतिको लागि संघीय संसदको बैठकमा पेश गर्नुपर्ने र स्वीकृत भएमा अध्यादेशले गरेका व्यवस्थालाई निरन्तरता दिन आवश्यक भएमा सरकारले अध्यादेश प्रतिस्थापन गर्ने विधेयक पेश गर्नुपर्ने हुन्छ ।

### विधि निर्माण प्रक्रियाको तुलनात्मक अध्ययन

प्रत्येक देशमा व्यवस्थापिकाको अस्तित्व कुनै न कुनै रूपमा विद्यमान रहन्छ तर सबै व्यवस्थामा संसदले समान रूपमा प्रभावशाली र निर्णायक भूमिका भने निर्वाह गर्न सक्दैन । संसदको कार्यकाल नै एकरूपता देखिंदैन । संसदीय व्यवस्था भएको मुलुकमा विधि निर्माण प्रक्रिया मिल्दोजुल्दो देखिन्छ भने अध्यक्षतात्मक मुलुक अमेरिकामा कानून निर्माणमा केही फरक छन् । कहीं एक सदनात्मक त कहीं दुई सदनात्मक व्यवस्था कायम रहेको पाइन्छ । संघीय राज्यमा प्राय दुई सदनात्मक देखिन्छ भने स्वेच्छाचारी वा विकासशील एक सदनात्मक देखिन्छ । संसदको आकार कत्रो र यसमा कति सदस्यहरू हुनुपर्छ भन्नेबारे यकिन देखिंदैन । सामान्यतया संसद सदस्यहरू जनसंख्या र भौगोलिक क्षेत्रलाई आधार बनाएर सदस्य संख्या निर्धारित गरिएको पाइन्छ । संसदमा भएका समितिहरूको संख्या, समितिका सदस्य संख्या र यसको कार्यकाल समान देखिंदैन । विश्वमा कुनै देशको संसद शक्तिशाली रूपमा रहेका पाइन्छ भने कुनै देशमा कमजोर अवस्थामा रहेको पाइन्छ ।

विभिन्न देशका व्यवस्थापिकाले विधि निर्माण प्रक्रियामा अलगअलग चरणहरू निर्धारण गरेको भएपनि सबै व्यवस्थापन कार्य पाँचौं चरणमा पूरा गर्नुपर्ने देखिन्छ, जसमा एकरूपता पाइँदैन । वास्तवमा राजनीतिक प्रणालीको शासन व्यवस्था अनुसार संसदको भूमिका र विधि निर्माण प्रक्रिया अलगअलग रहेको पाइन्छ । संसदको प्रक्रियालाई प्रभाव पार्ने र रूप दिने कार्य राजनीतिक प्रणालीले नै गरिरहेको हुन्छ, जसमा लोकतान्त्रिक, स्वेच्छाचारी, साम्यवादी र विकासोन्मुख व्यवस्था गरी चार राजनीतिक प्रणाली रहेका छन् ।

लोकतान्त्रिक व्यवस्थामा संसदले कानूनी राज्य स्थापनामा जोड दिएको हुन्छ र जनभावना अनुरूप कानूनको निर्माणमा तल्लीन भएको हुन्छ । निर्वाचित जनप्रतिनिधि संस्था संसदले राजनीतिक सत्तालाई वैधानिक बनाउन आफ्नो अस्थित्वको बोध गराउने, राजनैतिक प्रशिक्षण गराउने र नकारात्मक घटनाहरूको भण्डाफोर गर्ने मञ्चका रूपमा लिएको हुन्छ । त्यसैले हालको शासन व्यवस्थामा कानूनी शासन कायम राख्न सुशासनको प्रत्याभूति दिलाई समृद्धि स्थापित गर्ने प्रमुख आधार नै संसदबाट निर्मित कानून र त्यसको कार्यान्वयन हो ।

स्वेच्छाचारी राज्यव्यवस्थामा व्यवस्थापिकाको भूमिका लोकतान्त्रिकभन्दा फरक देखिन्छ । स्वेच्छाचारी शासन व्यवस्थामा कानून निर्माण हात्तीको देखाउने दाँतको रूपमा लिएको पाइन्छ । हाल उक्त चरित्रमा परिवर्तन हुँदै गई जनभावनाको कदर गर्ने गरी कानूनको निर्माणतर्फ उन्मुख हुँदै गइरहेको पाइन्छ ।

साम्यवादी व्यवस्थामा संविधानद्वारा संसदको संगठनको विस्तृत व्यवस्था गरिएको छ । यसलाई संगठन शक्ति तथा निर्वाचनका आधारका रूपमा हेर्दा पश्चिमी उदार पूँजीवादी लोकतन्त्रसँग त्यति अमिल्दो देखिंदैन । साम्यवादी शासन व्यवस्थामा संसदमा राज्यको शक्ति केन्द्रित गरिन्छ भने लगभग चीन तथा अन्य सामयवादी राज्य पनि यसै अनुरूप देखिएका छन् । साम्यवादी दलको सम्पूर्ण राजनीतिमा नियन्त्रण, विचारधारा र राजनीतिक दलको एकाधिकारले गर्दा विधायिका साम्यवादी दलद्वारा, संचालित र नियन्त्रित भएको हुन्छ । तर देश र जनभावना बुझेर आवश्यक कानून निर्माण गरेको भने पाइन्छ ।

विकासशील देशहरूमा संक्रमणकालीन व्यवस्था भएकोले यसमा कुनै पनि अङ्ग सुव्यवस्थित तथा भूमिकामा विशिष्टीकरण प्राप्त भइसकेको हुँदैन र अधिकांश नवगठित राज्यहरूले पहिला पश्चिमा प्रारूपको व्यवस्थापिका ल्याए पछि नेतृत्व वर्गबीच हुने अनावश्यक संघर्ष, झगडा आदिको कारणबाट सैनिक क्रान्तिले व्यवस्थापिका भङ्ग भएको देखिन्छ । साथै यसको चुनाव प्रक्रिया अधिकांश जनताले बुझ्न नसक्दा चुनाव एक देखावटी मात्र रहने, जनआस्था घट्दै जाने तथा राजनैतिक दलमा मतैक्यताको अभावमा नियम/नीतिले काम गर्न नसक्ने हुन्छ । यसले गर्दा यो खिचातानीको मञ्चको रूपमा फेरिएको पनि देखिन्छ ।

उपर्युक्त विवेचनाबाट व्यवस्थापिकाको भूमिका विस्तारै जनभावनाको कदरतिर उन्मुख हुँदै गइरहेको पाइन्छ । विश्वव्यापी शान्ति सुव्यवस्था कायम राख्ने, सुरक्षाको व्यवस्था गर्ने लगायत अन्य गतिविधि सकारात्मकतिर उन्मुख गराउन विश्वमा संसदबाट निर्मित कानूनको अपरिहार्यता देखिन्छ । यसैलाई हृदयङ्गम गर्दै सबै राज्यमा जनप्रतिनिधि व्यवस्थापिका संसदले जनभावनाको कदर गर्दै देशकाल र परिस्थिति अनुसार उपर्युक्त विधि र प्रक्रियामा रहेर कानून निर्माण गरी कार्यान्वयन गर्दै कानूनको शासन सञ्चालन गर्नु आजको आवश्यकता हो ।

**निष्कर्ष**

विधायिका मार्फत जुन प्रक्रियाबाट विधि निर्माण हुन्छ, त्यो कानून संविधानको मर्म अनुसार देश र जनताको हितमा आएको सुनिश्चित भएको विश्वास गरिन्छ । संसदीय विधायनले जनभावनाको प्रतिनिधित्व गरेको हुन्छ । यसर्थ कतिपय कमजोरीका बावजुद पनि विधायनलाई कानून निर्माणको प्रक्रियामा सबैभन्दा आधुनिक प्रक्रिया वा पद्धति मान्न सकिन्छ । संसारका सबै देशहरूले विधि निर्माण प्रक्रियामा विधायनलाई कानून निर्माणको सबैभन्दा भरपर्दो पद्धतिका रूपमा ग्रहण गरेका छन् । निरङ्कुश शासन, लोकतान्त्रिक, साम्यवादी र विकासशील मुलुकहरूले प्रत्यक्ष अप्रत्यक्ष संसदीय विधि निर्माण प्रक्रियाको माध्यमबाट कानूनको निर्माण गरी राज्य सञ्चालन गरेको पाइन्छ । निरङ्कुश शासन व्यवस्थामा विधायनलाई नागरिकमाथिको दमन र स्वेच्छाचारी शासनलाई हिर्काउने साधनको रूपमा प्रयोग गरेको आरोप लाग्ने गरेको पाइन्छ । त्यसैले विधायन जोखिमबाट मुक्त छैन । तर अर्कातिर विधायन नै त्यस्तो साधन हो, जसको अभावमा लोकतन्त्रलाई संस्थागत गर्न सकिँदैन । व्यवस्थापिका जनप्रतिनिधिमूलक संस्था हो । यसले राष्ट्र र जनताको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, पूर्वाधार विकास गर्न, लोकतन्त्र, गणतन्त्र, संघीयता, समावेशी शासनको सुदृढीकरण गर्न तथा राष्ट्र र राष्ट्रियताको संरक्षण र सम्वर्द्धन गर्न, शान्ति, स्थिरता कायम गर्न, एकता र मेलमिलापको स्थिति सिर्जना गर्न राम्रा नीति, कार्ययोजना, कार्यक्रम ल्याउनुको साथै शासन प्रक्रियामा सुशासन, जवाफदेहिता, पारदर्शितालाई अभिवृद्धि गर्न आवश्यक छ । संसद सक्षम, सबल र प्रभावकारी भए मात्रै राष्ट्र, शासन प्रणाली, आम जनता, सरकारी र निजी संस्था सबल, सक्षम र प्रभावकारी हुन्छ ।

अन्तर्राष्ट्रिय संगठन अन्तर-व्यवस्थापिका संघ मार्फत विधि निर्माण प्रक्रियालाई सहज र सरल बनाउन बृहत् छलफल गरी समग्र राज्यमा एकरूपता कायम गर्दै जानुपर्दछ । विश्वमा शान्ति र सुरक्षा कायम गर्न, कानूनको शासन सञ्चालन गर्न र समृद्ध विश्व स्थापित गर्न विधि निर्माण प्रक्रियालाई सहज र सरल बनाई अन्तर्राष्ट्रिय अभ्यास र सन्धि/सम्झौतालाई आफ्नो देशको माटो सुहाउँदो नीति निर्माण गर्नु आजको आवश्यकता हो ।

**सन्दर्भ सामाग्री**


१. शिवाकोटी, गोपाल, तुलानात्मक शासन र राजनीति ।
२. नेपालको संविधान, २०७२ ।
३. बेलायतको संसद ऐन ।
४. अमेरिकाको संविधान, १७८७ ।
५. फ्रान्सको संविधान, १९५८ ।
६. जापानको संविधान, १९४६ ।
७. स्वीट्जरल्यान्डको संविधान, १८७४ ।
८. उत्तर कोरियाको संविधान, १९७२ ।